☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प.सं. (Ref No.): २०८३/०८४
च.नं. (Dis No.):

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

मितिः २०८३/०५/१९

## बेसीशहर नगरपालिकाबाट आ.ब. २०८३।०८४ का लागि लगाईने बिभिन्न कर तथा शुल्कहरुमा छुट गरिएको सम्बन्धी

# सूचना ! सूचना !! सूचना !!!

नेपालको संविधानको अनुसूची-८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ को अधिनमा बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८३ तथा बेसीशहर नगरपालिकाको स्वीकृत प्रचलित कानून बमोजिम बेसीशहर नगरपालिकाले आफ्नो क्षेत्रभित्र स्थापना भएका सम्पत्ती तथा मालपोत (भुमी) करयोग्य घर, टहरा, भवन तथा जग्गाजमीनको मालपोत (भूमीकर) तथा सम्पत्ती करका साथै संचालनमा रहेका उद्योग, व्यापार, पेशा वा व्यवसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनीले अनिवार्य रुपमा व्यवसाय दर्ता/सूचिकृत गरी तोकिएका कर दस्तुर तथा शुल्क लगाई वार्षिक रुपमा दर्ता/नवीकरण तथा कर भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले देहायका कागजात संलग्न गरी कार्यालयमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। बेसीशहर नगरपालिकाको सम्पत्ती तथा मालपोत (भुमीकर), व्यवसाय दर्ता/सूचीकृत/नवीकरण कर तथा शुल्क, नक्शापास दस्तुर तथा अन्य करहरुमा समेत देहाय बमोजिमको छुट तथा सहुलियतको व्यवस्था भएकोले समयमै बेसीशहर नगरपालिकाको राजस्व शाखामा वा वडा कार्यालयमा सम्पर्क गरी कर छुट तथा जरिवानाको सुविधा लिनुहुन अनुरोध गरिन्छ ।

### छुट, सहुलियत तथा जरिवाना सम्बन्धमा गरिएको व्यवस्था

- बेसीशहर नगरपालिकाले आ.ब. २०७६।७७ बाट व्यवसाय कर लिन शुरु गरेकाले सोभन्दा अगाडीका बर्षहरुको व्यवसायमा कर लाग्ने छैन ।
- लगानीका आधारमा व्यवसायहरु वर्गीकरण गरिएका छन् भने करका दरहरुमा समेत हेरफेर गरिएको छ।
- बिगतका बर्षहरुको कर गणना गर्दा चालु आ.व. २०८३/८४ कै कर तथा दस्तुर गणना हुनेछ ।
- नवीकरण शुल्क दर्ता शुल्कको ६०% मात्र लाग्ने व्यवस्था गरिएको छ ।
- आगामी आश्विन मसान्तभित्र दर्ता/सूचीकृत/नवीकरण गरेमा थप १०% छुट हुनेछ ।
- बिगतमा दर्ता/सूचीकृत भएका तर नवीकरण नभएका र अन्यत्र कार्यालयमा दर्ता भएका तर बेसीशहर नगरपालिकामा सूचिकृत नभएका व्यवसायको हकमा पौष मसान्तसम्म आएमा आ.व. २०८१/८२ सम्मको सम्पूर्ण जरिवाना रकम (१००%) नै छुट हुनेछ ।साथै, एकमुष्ठ बक्यौता रकममा ७५% छुट हुनेछ । आ.व. २०८२/८३ र चालु आ.व. २०८३/८४ को हकमा भने छुट हुने छैन ।
- चालु आ.ब. को वहाल कर आगामी आश्विन मसान्तभित्र बुझाउन आएमा व्यक्तिको हकमा वा व्यवसायिक कारोबारको हकमा १०% छुट हुनेछ।
- कुनैपनि संस्थामा दर्ता नभएका व्यवसायहरुको हकमा यसै बर्षबाट दर्ता भएको सरह मानी दर्ता/सूचिकृत गरिनेछ ।

मनोज सिंह बोहरा
नि. प्रमुख प्रशासकीय अधिकृत

☎ (फोन नं.): ०६६-५२०१५०
बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
प.सं. (Ref No.): २०८३/०८४
च.नं. (Dis No.):
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

- यस अघि दर्ता/सूचीकृत भएका तर हाल पूर्ण रूपमा बन्द भएका/संचालनमा नरहेका व्यवसायहरूले लगत कट्टा गर्न चाहेमा व्यवसाय बन्द भएको पुष्टी हुने व्यहोराको कागजातसहित निवेदन पेश हुन आएमा नियमानुसारको दस्तुर लिई लगतकट्टा गरिनेछ।
- वहालकरको हकमा भाडादर रकममा सरकारी निकाय र संस्थाको हकमा १०%, व्यक्ति तथा व्यवसायिक फर्महरुलाई ३%, व्यक्तिको आवासीय प्रयोजन र कृषि/पशु जस्ता व्यवसायिक प्रयोजनका लागि जम्मा २% मात्र वहाल कर लाग्नेछ । वहाल करका आधार दरहरु पनि परिवर्तन गरिएका छन् ।
- भूमी तथा मालपोत करका लागि शहरी क्षेत्र, शहरोन्मुख क्षेत्र र ग्रामीण क्षेत्र गरी ३ तहमा बाँडिएका छन् ।
- यस बर्ष सम्पत्ती तथा मालपोत करमा समेत परिवर्तन गरिएका छन्, सम्पत्ती करको मूल्यांकनको दायरा घटाईएको छ भने घडेरी, व्यापारिक प्रयोजन तथा खेतीयोग्य जग्गाहरुको मूल्यांकन रकम हेरफेर भएका छन् । घर तथा संरचनाको मूल्यांकनका आधार दरहरु परिवर्तन भएका छन् । मालपोत तथा सम्पत्ती करका जरिवाना दर ५०% सम्म घटाईएको छ । जसले गर्दा समयमै कर तथा शुल्क बुझाएमा छुट तथा सहुलियत हुनेछ ।
- साबिक नगरबिकासबाट नक्शापास नभएका वा अभिलेखिकरण नभएका घरहरुको हकमा तोकिएको दरमा ५०% मात्र शुल्क लाग्ने व्यवस्था गरिएको छ । नक्शापास अनुमतिभन्दा तला र संरचना थप गरिएका तथा मापदण्ड विपरित वनाईएका घर/भवनहरुको हकमा समेत एकपटकको लागि सोही अनुसारको शुल्क लगाई अभिलेखिकरणको व्यवस्था गरिएको छ ।
- स्थानीय तहमा बुझाउनु पर्ने व्यवसाय/सम्पत्ती/मालपोत/घरभाडा जस्ता बुझाउनु पर्ने करहरु आषाढ मसान्तभित्र नबुझाएमा १०% का दरले जरिवाना समेत लाग्नेछ।
- अन्य थप जानकारीका लागि यस कार्यालय तथा वडा कार्यालयमा समेत सम्पर्क राख्न सकिनेछ ।

व्यवसाय दर्ता/सूचिकृतका लागि आवश्यक पर्ने कागजातहरू:

१. व्यवसायीको नेपाली नागरिकताको प्रमाण-पत्र।
२. वडा कार्यालयको सिफारिस तथा स्थलगत सर्जमिन मुचुल्का (आवश्यकता अनुसार)।
३. प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाण-पत्रको प्रतिलिपि।
४. व्यवसाय सञ्चालनमा रहेको स्थानको जग्गाधनी प्रमाण पत्र (घर भाडामा भए अनिवार्य घरभाडा सम्झौतापत्र)
५. व्यवसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (पानी/बिजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा कर-चुक्ता प्रमाणपत्र)।
६. सञ्चालकको २ (दुई) प्रति पासपोर्ट साइजको फोटो। (साझेदारीमा सञ्चालन भएको हकमा सम्बन्धित सम्पूर्ण सञ्चालकहरुको २/२ प्रति पासपोर्ट साइजको फोटो)/छाप ।

मनोज सिंह बोहरा
नि. प्रमुख प्रशासकीय अधिकृत